# नेपालको वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**२०७८**

**प्रकाशन**
वन तथा वातावरण मन्त्रालय, २०७८
स्वीकृत मितिः २०७८/०६/२२ (मा. मन्त्रिस्तर)

**संख्या** : ५०० प्रति

सर्वाधिकार © वन तथा वातावरण मन्त्रालय

**प्रकाशक** :
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार

## पृष्ठभूमिः

वन तथा वातावरण क्षेत्रले वन, वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापनका विषयहरूलाई समेट्छ । वन क्षेत्रले वन, वनस्पति, वन्यजन्तु जैविक विविधता तथा जलाधार व्यवस्थापन जस्ता विषयहरूलाई समेट्छ भने वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन क्षेत्रले विकास र वातावरण बिचको सन्तुलन, प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका विषयहरूलाई समेट्दछ ।

नेपालको कुल भू-भागको ४४.७४ प्रतिशत ओगटेको वन तथा बुट्यान क्षेत्र महत्वपूर्ण प्राकृतिक सम्पदा हो । यस क्षेत्रले कृषि, पशुपालन, पर्यटन, उद्योग र उर्जा लगायतका क्षेत्रलाई प्रत्यक्ष योगदान पुर्याउदै आएको छ । वन क्षेत्र स्थानीय स्तरमा जीविकोपार्जनसँग प्रत्यक्ष रूपमा जोडिएको र स्थानीय देखि राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुर्याउदै आएको छ । लगभग ३० हजार वन उपभोक्ता समूह मार्फत देशको कुल वन क्षेत्रको करिब ४० प्रतिशत वन क्षेत्र स्थानीय समुदायबाट संरक्षण र व्यवस्थापन हुँदै आएको छ ।

नेपाल जैविक विविधताको दृष्टिकोणमा सम्पन्न मुलुक हो । यहाँको वनस्पति र वन्यजन्तुको प्रजातिगत विविधता, वन र पारिस्थितिकीय विविधता र आनुबांशिक स्रोतको प्रचुरता विश्वमै अद्वितीय तथा दुर्लभ मानिन्छ । यिनीहरूको समुचित व्यवस्थापनबाट पर्यापर्यटनमा अभिवृद्धि गर्दै अर्थतन्त्रमा समेत टेवा पुग्दै आएको छ । कमजोर भू-धरातलीय बनौट भएको नेपालमा जल तथा जमिनको उचित संरक्षण र व्यवस्थापन गर्दै दिगो विकास हासिल गर्न जलाधार तथा भू-संरक्षणका विविध क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन् ।

वातावरणीय प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धन गरी स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त मौलिक हकको संरक्षण गर्ने राज्यको दायित्व रहेको छ । विकास र वातावरण बिच सन्तुलन कायम राख्दै दिगो विकास हासिल गर्नु पर्ने राष्ट्रिय आवश्यकतामा वन तथा वातावरण मन्त्रालयले उल्लेखनीय भूमिका खेल्दै आएको छ । जलवायु परिवर्तनको कारकको रूपमा रहेको

हरित गृह ग्याँस उत्पादनमा नेपालको नगण्य भूमिका रहेता पनि जलवायु परिवर्तनका असरहरूबाट उच्च जोखिममा रहेको छ । जलवायु परिवर्तनबाट हुने प्रतिकुल प्रभावलाई न्यूनीकरण र अनुकुलनका उपायहरू अवलम्बन गर्दै जलवायु उत्थानशील समाजको निर्माणमा सवैले साझा दायित्व वहन गर्नु जरूरी रहेको छ ।

नेपालले सन् २०३० सम्म दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्ने प्रतिवद्धता जाहेर गरेको छ । दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य १३ र लक्ष्य १५ यस कार्ययोजनासँग प्रत्यक्ष रूपमा सम्बन्धित छन । पन्ध्रौ आवधिक योजना (२०७६।७७-२०८०।८१) ले परिकल्पना गरेको **समृद्ध नेपाल सुखी नेपालीको** दीर्घकालीन सोचलाई हासिल गर्न तय गरेको दीर्घकालीन राष्ट्रिय लक्ष्यहरूमा वन तथा वातावरण मन्त्रालयले समृद्धि र सुख दुवैमा योगदान पुर्याउने गरी लक्ष्यहरू समेटिएको छ । वन, जैविक विविधता तथा जलाधार क्षेत्रलाई आर्थिक क्षेत्र मार्फत समृद्धिमा योगदान पुर्याउने गरी लक्ष्यहरू तोकिएका छन् भने वातावरण र जलवायु परिवर्तन व्यवस्थापनलाई अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गत सुखमा योगदान पुर्याउने गरी लक्ष्यहरू निर्दिष्ट गरिएको छ ।

## विगतका प्रयासः

नेपालले वन, वन्यजन्तु, जैविक विविधता, वातावरण र जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय आवश्यकता अनुसार नीतिगत र कानुनी ब्यवस्था मिलाउदै आएको छ । वनको संरक्षण गर्न पहिलो ऐनको रूपमा वन ऐन, २०१८ जारी गरियो र तत्पश्चात वन संरक्षण विशेष व्यवस्था ऐन २०२४ जारी गरियो तर पनि वन विनासको दरलाई रोक्न सकिएन । वि.स. २०२९ सालमा वन्यजन्तु तथा पारिस्थितिकीय प्रणालीको संरक्षण गर्न विशिष्टिकृत कानूनको आवश्यकता महसुस गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जारी गरियो । वनको विनास, क्षयीकरण र वनको उत्पादकत्वको कमीलाई सम्बोधन गर्नका लागि वि.स. २०३३ सालमा राष्ट्रिय वन योजना कार्यान्वयनमा ल्याउनका साथै वि.स. २०३५ सालबाट वन व्यवस्थापनमा समुदायको पनि अपनत्व हुने गरी समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको थालनी गरियो । यसका साथै जलाधारको व्यवस्थापन गर्दै जल र जमिनको संरक्षण मार्फत भूमीको उत्पादकत्व वृद्धि र प्राकृतिक प्रकोपमा न्यूनीकरण गर्ने उद्देश्यका साथ भू-तथा जलाधार संरक्षण ऐन, २०३९ जारी गरियो ।



यसै क्रममा नेपालको समग्र वन क्षेत्रको व्यवस्थापनको आधार स्तम्भको रूपमा २१ वर्षे वन विकास गुरूयोजना, २०४७ कार्यान्वयनमा ल्याईयो । राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र दिगो उपयोगका लागि वन ऐन २०४९ लागु गरियो भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा स्थानीयको अपनत्व हुने गरी समय सापेक्ष संशोधनहरू गरियो । वन क्षेत्रको सघन व्यवस्थापन गरी उत्पादनशील वनको उत्पादकत्व बढाउन २०५७ सालमा परिमार्जित वन नीति जारी गरियो जसले तराईका ठुला वनहरूलाई चक्ला वनको रूपमा व्यवस्थापन गर्ने नीति लिइयो ।

वि.सं २०७१ सालमा  वन नीति २०७१ जारी गरियो जसले दिगो वन व्यवस्थापन, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारी, सुशासन साथै वातावरणीय सेवाको न्यायोचित वितरण तथा जलवायु परिवर्तन जस्ता नवीनतम विषयहरूलाई पनि वन क्षेत्रको प्राथमिकताको रूपमा समावेश गर्‍यो । वि.स. २०७२ मा वन क्षेत्रको रणनीति २०१६-२०२५ जारी गरियो जसमा वन क्षेत्रले हासिल गर्नु पर्ने विभिन्न उपलब्धिहरूलाई समय सिमा सहितको लक्ष्य निर्धारण गरिएको छ ।

केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गरेसँगै मन्त्रालय र मातहतका निकायहरूको संस्थागत संरचनाका साथै कानून कार्यान्वयनको भूमिकामा समेत परिवर्तन भएका छन् । हालको परिवर्तित सन्दर्भमा वनको व्यवस्थापनका लागि नयाँ कानूनको आवश्यकता पुरा गर्न साविकको वन ऐन २०४९ लाई विस्थापन गर्दै वन ऐन २०७६ कार्यान्वयनमा आएको छ ।

जलवायु परिवर्तन तथा वातावरण संरक्षण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई नेपाल सरकारले उच्च महत्व दिदै आएको छ । विश्व संरक्षण रणनीति १९८० को अनुसरण गर्दै विकास र वातावरणलाई सन्तुलित रूपमा अघि बढाउनका लागि नीतिगत प्रयास स्वरूप नेपाल सरकारबाट राष्ट्रिय संरक्षण नीति, २०४५ जारी गरियो । यस संरक्षण रणनीतिको समयानुकुल परिमार्जन गरी २०७२ सालमा दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप जारी गरियो । राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन मार्गदर्शन, २०५० ले पूर्वाधारहरूको विकासवाट वातावरणमा पर्न जाने प्रतिकुल असरहरूलाई न्यूनीकरण गर्न वातावरणीय प्रभाव अध्ययनको शुरूवात

गरेको देखिन्छ । यसै पृष्ठभूमिमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले वातावरण संरक्षणका लागि कानूनी आधारहरू प्रदान गरेको पाइन्छ । वातावरणीय स्वच्छता कायम गर्नका लागि विभिन्न प्रदुषण सम्बन्धी मापदण्डहरू कार्यान्वयनमा ल्याइएको छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी महासन्धिको पक्षराष्ट्र भई जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त अवसरहरूलाई राष्ट्रिय आवश्यकता अनुरूप सदुपयोग गर्दै सो अनुसारका दायित्वहरू पुरा गर्दै आएको छ । यस क्रममा वि.सं २०६५ मा राष्ट्रिय अनुकुलन कार्यक्रम (National Adaptation Programme of Action–NAPA) तयार गरी उक्त कार्यक्रमले पहिचान गरेको अनुकुलनका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्तै जलवायु परिवर्तन जस्तो अन्तरसम्बन्धित विषयलाई समन्वयात्मक तरिकाले सम्बोधन गर्न मार्गदर्शक नीतिको रूपमा जलवायु परिवर्तन नीति २०६७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । वातावरण जथा जलवायु परिवर्तनलाई समेत सम्बोधन हुने गरी एकीकृत रूपमा वातावरण ऐन २०७६ तथा सो को नियमावली २०७७ कार्यान्वयनमा ल्याइएको छ ।

नेपालको राज्य संरचना परिवर्तनको सन्दर्भमा नेपालको संविधानले व्यवस्था गरेको कार्यक्षेत्र अनुरूप वन, जैविक विविधता, भूसंरक्षण, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी व्यवस्थालाई तीन वटै तहबाट आपसी सहयोग, समन्वय र सहकार्यमा कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहको भूमिका सहितको राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति २०७६ र राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ जारी गरिएको छ ।

## हालसम्मका उपलब्धि:

नेपालको वन तथा वातावरण क्षेत्रले यसका नीतिगत र संस्थागत उद्देश्यहरू पुरा गर्दै यस क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल गरेको छ । नेपालको वन क्षेत्र संरक्षण र व्यवस्थापनमा राज्य संरचनाका साथै स्थानीय समुदायको अग्रणी भूमिका रहेको छ । स्थानीय जनताले वनको व्यवस्थापनबाट वन पैदावारहरूको दैनिक आवश्यकता परिपूर्ति गर्नका साथै स्थानीय स्तरमा ठूलो संख्यामा रोजगारीको अवसर प्राप्त गर्दै



आएका छन् । वनको स्थानीय समुदाय मार्फत व्यवस्थापन गर्ने क्रममा सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन जस्ता विभिन्न तवरले व्यवस्थापन गरिएको छ । समग्रमा करीव २२ लाख हेक्टर भन्दा बढी समुदायमा आधारित वन ३० हजार भन्दा वढी उपभोक्ता समूह मार्फत व्यवस्थापन भइरहेको छ । यसरी समुदायद्वारा व्यवस्थित वनको सफल अभ्यास तथा उपलब्धिका कारणले गर्दा नेपालको समुदायद्वारा वन व्यवस्थापन पद्धति विश्वमा नै उदाहरणीय हुन पुगेको छ । वन क्षेत्रको उत्पादकत्व वढाउन सामुदायिक वन, साझेदारी वन, चक्ला वन तथा सरकारद्वारा व्यवस्थित वनहरूमा दिगो वन व्यवस्थापनका कार्यक्रमहरू सञ्चालनमा आएका छन् जसबाट वनमा आधारित हरित उद्यम र रोजगारी प्रबर्द्धनमा उल्लेखनीय टेवा पुर्याउदै आएको छ । त्यस्तै गरिबीको रेखामुनी रहेका समुदायलाई हस्तान्तरण गरिएको कबुलियती वनबाट उक्त समुदायको जीवनस्तर उकास्न मद्दत पुगेको छ ।

आर्थिक उपार्जनको दृष्टीकोणबाट नेपालमा रहेका उच्च मूल्यका जडीवुटीहरूको प्रचुर संभावना रहेको छ । नेपाल सरकारबाट जडीवुटीहरूको अध्ययन अनुसन्धान, अभिलेखीकरण वानस्पतिक गुण पहिचान, खेती विस्तार जस्ता कार्यहरू गरिदै आइएको छ । आ.व. २०७५।७६ देखी नेपाल सरकारले समग्र कर्णाली प्रदेशलाई जडीवुटी पकेट क्षेत्र घोषणा गरी जडीवुटी उत्पादन तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्यस्तै स्थानीय स्तर देखि नै जडीवुटीको मूल्य श्रृखंला अभिवृद्धि सहित बजारीकरणमा प्रोत्साहन गर्नका लागि जडीवुटी उद्यम स्थापनामा अनुदान, आवश्यक प्राविधिक ज्ञान लगायतका विभिन्न सहयोगहरू पुर्याउदै आएको छ । जडीवुटीजन्य तत्वहरूको विदेश निकासी तथा अध्ययन अनुसन्धानमा सहयोग पुर्याउने उद्देश्यले अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त प्रयोगशालाको स्थापना तथा सञ्चालन गरिएको छ ।

जैविक विवधताको संरक्षणका लागि स्वस्थानीय र परस्थानीय रूपमा विभिन्न प्रयासहरू हुदै आएका छन् । जैविक, धार्मिक एंव सांस्कृतिक हिसाबमा महत्वपूर्ण मानिएका १० वटा वन क्षेत्रहरूलाई वन संरक्षण क्षेत्रको रूपमा व्यवस्थापन गरिदै आएको छ । महत्वपूर्ण जीव तथा वनस्पतिहरूको प्रजाति संरक्षणका लागि प्रजाति विशेष

कार्ययोजना मार्फत संरक्षणका कार्यलाई प्रभावकारी बनाइएको छ । ५० वटा वन बीउ बगैचाहरू स्थापना गरी व्यवस्थापन गरिएको छ । त्यस्तै लोपोन्मुख र संकटापन्न वन्यजन्तु एवं वनस्पति प्रजातिको संरक्षणका लागि प्राणी उद्यान, चिडियाखाना, वनस्पति उद्यान  मार्फत परस्थानीय संरक्षणका प्रयासहरू भएका छन् ।

नेपालको कुल क्षेत्रफलको २३.३९% भू-भाग संरक्षित क्षेत्रले ओगटेको छ । हालसम्म १२ वटा राष्ट्रिय निकुञ्ज, २ वटा आरक्ष, ६ वटा संरक्षण क्षेत्र र १३ वटा मध्यवर्ती क्षेत्रहरू घोषणा भएका छन् । नेपालमा पाइने ११८ वटा पारिस्थितिकीय प्रणाली मध्ये ८० वटा प्रणाली संरक्षित क्षेत्रहरूले समेटेको छ । यसरी नेपालको जैविक विविधता तथा अद्वितीय भू-धरातल संरक्षणमा संरक्षित क्षेत्रको भूमिका महत्वपूर्ण रहदै आएको छ । सबै सरोकारवालाहरूको संयूक्त प्रयासको फलस्वरूप नेपालले विश्वमा नै दुर्लभ एंव लोपोन्मुख मानिएका वन्यजन्तु संरक्षणमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। संरक्षित एवं लोपोन्मुख वन्यजन्तुहरू जस्तै, बाघ, गैंडा, हात्ती, अर्ना, हिउँ चितुवा, कृष्णसार आदिको संख्या बढेको छ । नेपाल आउने पर्यटक मध्ये ६०% भन्दा बढिले यहाँका विभिन्न संरक्षित क्षेत्रहरू भ्रमण गर्ने गरेको तथ्याङ्कबाट देखिन आउनुले नेपालको पर्यापर्यटन प्रवर्द्धनमा संरक्षित क्षेत्रहरूको भूमिका महत्वपूर्ण रहेको तथ्यलाई पुष्टि गर्दछ ।

नेपालको भौगोलिक संवेदनशीलतालाई मध्यनजर गर्दै विभिन्न कार्यक्रमहरू मार्फत भू-संरक्षणलाई उच्च महत्व दिइएको छ । चार वटा बृहत जलाधार व्यवस्थापन कार्यालयहरू मार्फत भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । चुरे संरक्षणलाई उच्च महत्व दिदै वि.सं. २०६७ सालदेखि शुरू गरिएको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि वि.सं. २०७१ सालदेखि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति मार्फत गुरूयोजना सहित चुरे संरक्षणका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ । चुरे संरक्षणको २० वर्षे गुरूयोजनाले नदी प्रणालीमा आधारित रहेर भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न १६४ वटा नदी प्रणालीहरू पहिचान गरेको छ । नदी प्रणालीलाइ नै आधार मानेर मध्य तथा पूर्वी क्षेत्रको चुरे क्षेत्रमा इकोसिष्टम पुनर्स्थापनाको ढाँचालाई लागु गर्ने गरी २६ वटा योजना तयारी कार्य चुरे उत्थानशिल आयोजना मार्फत भैरहैको छ ।



वातावरणीय स्वच्छता कायमका लागि जल, ध्वनि वायु, प्लाष्टिक जन्य वस्तु, फोहरमैलासँग सम्बन्धित २८ वटा मापदण्डहरू कार्यान्वयनमा ल्याइएका छन् । हालसम्म ४०० भन्दा बढी विभिन्न विकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन र धेरै संख्यामा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरू स्वीकृत भएका छन् । यस्ता स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा मापदण्डहरूको नियमित अनुगमन गरी मापदण्ड तथा प्रतिवेदनको कार्यान्वयनमा प्रभावकारिता ल्याइएको छ । सवारी साधनको प्रदुषण जाँच गर्ने प्रकृया शुरूवात गरिएको छ । वायु प्रदुषणको यथार्थ अवस्थाका बारेमा अद्यावधिक गर्नका लागि देशका विभिन्न २७ स्थानमा वायु प्रदुषण मापन केन्द्रहरू स्थापना गरिएका छन् । वायु प्रदुषण लगायतका वातावरण सम्बन्धी सर्वसाधारण जनताको चेतना अभिवृद्धिका लागि प्रचार प्रसार लगायतका कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । हरियाली प्रवर्द्धन गर्दै प्राकृतिक सौन्दर्यीकरण अभिवृद्धिका लागि नदी किनार वृक्षारोपण, सहरी वृक्षारोपण जस्ता कार्यक्रमहरू सहभागितामूलक तरिकाबाट सञ्चालनमा ल्याइएका छन् । साथै काठमाडौ उपत्यकाको वायु गुणस्तर व्यवस्थापनको लागि काठमाडौ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६ जारी भई यस अन्तर्गत विभिन्न कार्यहरू भई रहेका छन् ।

स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्नका लागि जलवायु अनुकुलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । सो अनुरूप हाल यस मन्त्रालय मातहतका कार्यालयहरूबाट २०० वटा भन्दा बढि स्थानीय अनुकुलन योजना कार्यान्वयनमा रहेका छन् । त्यस्तै अन्य सरकारी कार्यालयहरू, संघ संस्था, दातृ निकाय तथा स्थानीयहरूले पनि यस्ता अनुकुलन योजनाहरूको कार्यान्वयनबाट जलवायु उत्थानशील समाजको निर्माणमा प्रयासरत छन् । जलवायु परिवर्तनको असरबाट जनताको जीविकोपार्जनमा पर्ने प्रतिकुल असरलाई न्यूनीकरण गर्दै अनुकुलित हुनका लागि आवश्यक पर्ने वैकल्पिक सीप, क्षमता तथा जन चेतना अभिवृद्धि गर्न तालिम र अन्य कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । जलवायु परिवर्तनको क्षेत्रमा राज्यले गर्ने लगानीलाई पारदर्शी तथा यथार्थपरक गर्न नेपाल सरकारले जलवायु बजेट संकेत समेत प्रयोग गर्ने अभ्यासको शुरूवात गरेको छ । जलवायु परिवर्तनको प्रमुख कारक मानिएको हरित गृह ग्यास उत्सर्जन कटौतीमा वन

क्षेत्रको अहंम भूमिका भएको हुनाले वन विनास र वन क्षयीकरणबाट हुने हरितगृह ग्याँस कटौती गरी अन्तर्राष्ट्रिय वित्तमा नेपालको पहुँच पुर्याउन राष्ट्रिय रेडप्लस रणनीति कार्यान्वयनमा ल्याइएको छ । जसको परिणाम स्वरूप विश्व बैकसँग कार्वन व्यापार सम्बन्धी ERPA -Emission Reduction Purchase Agreement) समेत सम्पन्न भै सकेको छ । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिको पक्षराष्ट्रको हैसियतले दोस्रो राष्ट्रिय तहमा तय गरिएको योगदान (NDC) पेश गरी सकेको छ । जस मार्फत सन् २०३० सम्ममा नेपालले कटौती गर्ने हरितगृह ग्याँसको प्रतिवद्धता समेत जाहेर गरेको छ ।

वन, जैविक विविधता तथा भू-संरक्षण र वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापनका कार्यलाई प्रभावकारी, वस्तुपरक तथा समय सापेक्ष र पृष्ठपोषण गर्ने उद्देश्यका साथ यससँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानहरू हुदै आएका छन् । त्यस्तै कर्मचारीहरूलाई आवश्यक सीप, ज्ञान अभिवृद्धिका लागि सेवाकालिन लगायतका विषयगत तालिमहरू पनि सञ्चालन हुदै आएका छन् । नियमित रूपमा वन क्षेत्र सर्वेक्षणका कार्यक्रम, दुर संवेदना सहितको नक्सांकन जस्ता सर्वेक्षणका कार्यहरू हुदै आएका छन् । विषयगत विभाग तथा कार्यालयहरूबाट आ-आफ्नो क्षेत्रसँग सम्बन्धित प्रयोगशालाहरूलाई सृदृढीकरण गरिएका छन् । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको केन्द्रीय वन पुस्तकालयलाई online/digital बनाइएको छ । यस्तै अध्ययन अनुसन्धानका क्रममा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था तथा प्राज्ञिक निकायहरूसंग समेत समन्वय तथा सहकार्य गरिएका छन् ।

**सिकाई**:

वन तथा वातावरण क्षेत्र व्यवस्थापनको लामो अनुभवबाट प्राप्त विभिन्न सिकाईहरू यस रणनीतिक कार्ययोजनाका प्रमुख आधारहरू हुन् । अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा फेरवदल भइरहने सामाजिक, आर्थिक तथा राजनीतिक परिदृष्यका आधारमा हाम्रा नीतिगत तथा कार्यगत व्यवस्थालाई समय सापेक्ष बनाउन सकिएमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सहज हुन्छ ।

जनसहभागिता मूलक वन व्यवस्थापन पद्धतिले वन तथा वातावरण क्षेत्र व्यवस्थापनमा



सकारात्मक प्रभावहरू देखा परेका छन् । देशको वन तथा बुट्यान क्षेत्रका साथै वन्यजन्तुहरूको संख्या समेत उल्लेखनीय रूपमा वृद्धि भएका छन् । वन तथा बुट्यान क्षेत्रको वृद्धि हुनु सकारात्मक रहेता पनि वन्यजन्तुहरूको वृद्धिले देशका विभिन्न स्थानमा मानव वन्यजन्तुको द्वन्दका घटनाहरूमा वृद्धि भएको छ । तसर्थ प्राप्त उपलिब्धहरूलाई जनताको अपनत्व वृद्धि गर्दै दिगो बनाउनका लागि आगामी दिनहरूमा मानव वन्यजन्तु द्वन्द न्यूनीकरण गर्नका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने सिकाइ भएको छ ।

नेपालमा नै काठ उत्पादनको प्रचुर सम्भावना हुँदाहुँदै पनि विदेशबाट काठ आयात गरिरहनु परेको सन्दर्भमा दिगो वन व्यवस्थापन प्रणालीलाई व्यापक रूपमा देशभरी कार्यान्वयनमा लैजानु पर्ने आवश्यकता छ । दिगो वन व्यवस्थापनको कार्यान्वयनमा सुशासन पारदर्शिता, जनसहभागिता जस्ता विषयमा विशेष ध्यान दिई प्राप्त लाभहरूको समन्यायिक वाँडफाँडको सूनिश्चितता हुनु पर्ने सिकाई रहेको छ । तीन वटै तहका सरकारहरूले आ-आफ्नो कार्यक्षेत्र भित्र रही अपनत्वका साथ कार्य गरेमा वनको बहुआयमिक उपयोग मार्फत आर्थिक र सामाजिक समृद्धि सम्भब रहेको देखिन्छ ।

देशको भौगोलिक संवेदनशिलतालाई मध्यनजर गर्दै भू तथा जलाधार संरक्षणका कार्यक्रमहरूलाई प्रभावकारी बनाउनु पर्नेछ । चुरे संरक्षणका लागि तयार गरिएको चुरे संरक्षण गुरूयोजनाले लक्षित गरेका सवै नदी प्रणालीहरूमा कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन । यस परिप्रेक्ष्यमा आगामी दिनमा गुरूयोजनाले तय गरेका नदी प्रणालीहरूमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट र जनशक्तिहरूको सुनिश्चततामा ध्यान दिनु पर्नेछ । यसका साथै हाल ४ वटा वृहत जलाधार व्यवस्थापन केन्द्रहरूबाट सम्पादन गरिदै आएको भू-संरक्षण कार्यक्रमहरू देशको संवेदनशिलता र आवश्यकताका आधारमा कम महसुस गरिएको छ । तसर्थ यस्ता वृहत जलाधार व्यवस्थापन केन्द्रहरूको सेवा प्रवाहलाई अझ व्यापक बनाउदै लैजानु पर्ने आवश्यकता रहेको छ । उपभोक्ता समुहहरू मार्फत स्थानीय स्तरमा सम्पन्न भएका भू-संरक्षणका क्रियाकलापहरूको दिगोपना हुने भएकाले जनसहभागितामा आधारित भू-संरक्षणका क्रियाकलापहरूलाई आगामी दिनहरूमा समेत निरन्तरता दिनु पर्ने सिकाई प्राप्त भएको छ ।

स्वच्छ वातावरणीय हकको संवैधानिक प्रावधानले गर्दा वातावरणीय सचेतना र चासो वढेको पाइन्छ । यस सम्बन्धी संवैधानिक हकको प्रत्याभूतिका लागि आवश्यक कानून तथा मापदण्डहरूको तय गर्नका साथै प्रभावकारी कार्यान्वयनका लागि सवै सरोकारवालहरूको सक्रिय सहभागिता आवश्यक हुनेछ । विकास र वातावरण बिचको तालमेल सहितको दिगो विकास हासिल गर्न सवै सरोकारवालाहरूको एकीकृत प्रयासको खाँचो रहेको छ । कानूनी तथा नीतिगत रूपमा वातावरणीय अध्ययन प्रतिवेदन तथा विभिन्न मापदण्डहरूको तयारी र स्वीकृति जस्ता विषयहरू संस्थागत भएता पनि प्रभावकारी कार्यान्वयन तथा अनुगमन जस्ता विषयहरू अझ पनि महसुस योग्य रूपमा कार्यान्वयन भएको पाईदैन । त्यसैले यस्ता स्वीकृत दस्तावेजहरूको कार्यान्वयनका लागि प्रभावकारी अनुगमनको विशेष खाँचो रहेको महसुस गरिएको छ । अनुगमनलाई थप व्यवस्थित र निरन्तर सञ्चालन हुने प्रणालीमा आवद्ध गर्नु पर्ने आवश्यकता छ ।

जलवायु परिवर्तन व्यवस्थापनमा न्यूनीकरण तथा अनुकुलनका दुवै कार्यक्रमहरू सञ्चालन गरिदै आएता पनि नेपालको विशिष्टिकृत विशेषताका आधारमा आगामी दिनहरूमा स्थानीय तह देखि नै अनुकुलनका कार्यक्रमहरूलाई अझ देशव्यापी रूपमा व्यापक बनाउदै लैजानु पर्नेछ । अन्तर्राष्ट्रिय स्तरमा स्थापित जलवायु सम्बन्धी विभिन्न वित्त कोषहरूमा नेपालले अपेक्षाकृत रूपमा आफ्नो पहुँच पुर्याउन सकेको छैन । तसर्थ यस्ता वित्तमा पहुँच पुर्याउनका लागि आवश्यक तयारीहरूमा हाम्रा प्रयासहरूलाई बढाउनु तथा दायरा विस्तार गर्नु पर्ने देखिन्छ । वन तथा वातावरण क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति बढाउनका लागि नेपाल पक्ष राष्ट्र भएका वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताका राष्ट्रिय दायित्व कार्यान्वयनलाई विशेष ध्यान दिनु पर्ने आवश्यकता रहेको छ ।

**अवसरः**

नेपालमा उपलब्ध प्राकृतिक स्रोतहरू मध्ये वन क्षेत्रले ठुलो हिस्सा ओगट्नु र नेपाली जनताको प्रत्यक्ष जीविकोपार्जन सँग जोडिनुले यस क्षेत्रको समुचित रूपमा व्यवस्थापन गरी उपयोग गर्न सकिएको खण्डमा नेपाल र नेपाली जनताको समृद्धिको प्रमुख आधार बन्न सक्ने सम्भावना देखिन्छ । वनको दिगो व्यवस्थापनबाट रोजगारी



सृजनाका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत वन पैदावारको सतत् आपूर्ति गर्न सक्ने अवसर रहेको छ । विश्व समुदायमा नेपालमा पाइने विभिन्न जडीवुटीहरूको उच्च माग भएको हुँदा यिनीहरूको दिगो संकलन तथा बजारीकरण मार्फत विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । सहभागितामूलक वन व्यवस्थापनको राम्रो अभ्यास रहेको नेपालको वन क्षेत्र मार्फत वनमा आधारित उद्योग र पर्यापर्यटनमा प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ । नेपालमा पाइने दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु तथा अद्वितीय सुन्दर प्राकृतिक भू-धरातलहरू प्रकृतिमा आधारित पर्यटनका आधारहरू हुन् । वनको संरक्षण र विकासबाट वातावरणीय अवस्थामा सुधार गर्दै कार्वन संरक्षण र सञ्चितिबाट अन्तर्राष्ट्रिय वित्तमा पहुँच पुर्याउन सकिन्छ ।

वातावरणका प्रमुख क्षेत्रको रूपमा रहेका Greenery Sector/ Grey Sector मा वन तथा वातावरण मन्त्रालयले हरियाली क्षेत्रलाई प्रमुख रूपमा प्रतिनिधित्व गर्छ । तसर्थ वन क्षेत्रको उचित व्यवस्थापनबाट वातावरणीय स्वच्छतामा समेत योगदान दिन सकिन्छ भने Grey sector तर्फ आवश्यक समन्वय र सहकार्य गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने अवसर रहेको छ । स्वच्छ तथा स्वस्थ वातावरणको प्रत्याभूति मार्फत नेपालको संविधानको मौलिक हक कार्यान्वयनमा समेत वन तथा वातावरण मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने अवसर रहेको छ ।

जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकुलनका कार्यहरूलाई द्विपक्षीय र बहुपक्षीय सहयोग तथा सहकार्य प्राप्त गर्न सकिने अवस्था हुनु, कार्वन व्यापार उत्सर्जन न्यूनीकरण मार्फत कार्वन व्यापारमा भाग लिन क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विधि तथा संरचनाहरू स्थापना हुनुलाई जलवायु परिवर्तनका क्षेत्रबाट अवसरका रूपमा लिन सकिन्छ । यसका साथै वन, जैविक विविधता, जलाधार र वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता मार्फत विश्व मानचित्रमा नेपाललाई चिनाउने अवसरका साथै आवश्यक ज्ञान, सीप, प्रविधि तथा वित्तमा पहुँच पुर्याउन सकिने अवसर समेत वन तथा वातावरण मन्त्रालयलाई रहेको छ ।

## चुनौती:

वन क्षेत्र देशको आर्थिक तथा सामाजिक क्षेत्रमा प्रशस्त योगदान दिन सक्ने सम्भावना बोकेको क्षेत्र भएकाले भविष्यमा यसको पूर्ण क्षमतामा व्यवस्थापन गरी वन पैदावार हरूको माग र आपूर्तिलाई सन्तुलित बनाउनु पर्ने चुनौती रहेको छ । वन्यजन्तुहरूको संरक्षणमा उल्लेखनीय सफलता प्राप्त भएतापनि बढ्दो मानव वन्यजन्तु द्वन्द व्यवस्थापनमा वन तथा वातावरण मन्त्रालय लगायतका सरोकारवालाहरूले आगामी दिनहरूमा विशेष चासोका साथ कार्यहरू गर्नु पर्ने आवश्यकता रहेको छ । संघीयता कार्यान्वयन पश्चात तीन वटै तहमा बाँडिएको क्षेत्राधिकारलाई आपसि सहयोग, सहकार्य र समन्वयमा अझ संस्थागत गर्नु पर्ने देखिन्छ । यसका साथै विकास र वातावरण बिच सन्तुलन राख्नु, वन क्षेत्रबाट प्राप्त हुने लाभहरूको न्यायोचित वितरण गर्नु जस्ता विषयहरू चुनौतीका रूपमा रहेका छन् ।

प्रत्येक नागरिकले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार र प्रदुषण गर्नेबाट दायित्व वहन गराउनु जस्ता संवैधानिक हकलाई प्रत्याभूत गर्ने गरी आवश्यक नीति, कानून, मापदण्ड निर्माण र यसको प्रभावकारी कार्यान्वयन गर्नु प्रमुख चुनौती रहेको छ । विकास र वातावरण बिच सन्तुलन कायम गर्दै आर्थिक समृद्धि हासिल गर्नुका साथै अस्पताल, औद्योगिक क्षेत्रबाट उत्पादन हुने जोखिमयुक्त फोहरमैलाको व्यवस्थित रूपमा विसर्जन गर्नु पर्ने आवश्यकता रहेको छ । यसरी जल, जमिन, ध्वनि र वायु प्रदुषण नियन्त्रणका लागि विद्यमान कानून, नीति तथा मापदण्डहरूको प्रभावकारी कार्यान्वयनमा सबै पक्षहरूको साझा प्रतिवद्धता जुटाउनु, वातावरण संरक्षण प्रति नागरिकको दायित्वबोध गराउनु चुनौतिका रूपमा रहेका छन् ।

विभिन्न तहमा जलवायु परिवर्तनको जोखिम व्यवस्थापनबाट संकटापन्नता घटाई अनुकुलित क्षमता वढाउनु, जलवायु उत्थानशील समुदायको निर्माण गर्नु, जलवायु वित्तमा पहुँच वढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको जलवायु परिवर्तन सम्बन्धी विशिष्टीकृत विषयहरू र जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाज स्थापित गर्नु जलवायु परिवर्तन क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् ।



## प्रमुख मुद्दा:

वनको बहुआयमिक उपयोगहरूको राष्ट्रिय अर्थतन्त्रमा गणना हुन सकेको छैन । नेपाली जनताको निर्वाहमुखी जीविकोपार्जनका लागि वन क्षेत्र प्रमुख प्राकृतिक स्रोत भएकाले वन क्षेत्रमाथि अत्याधिक चाप रहेको छ । तसर्थ वन पैदावारमाथिको अत्याधिक माग र सो को आपूर्ति बिचको तालमेल हुन नसक्नु नै वन क्षेत्रको प्रमुख समस्या हो । वन क्षेत्रको उत्पादकत्व र उत्पादनमा वृद्धि गरी नेपालको उत्पादनशील वन क्षेत्रलाई पूर्ण रूपमा उपयोगमा ल्याउन सकिएको छैन । वन अतिक्रमण, वन पैदावार तथा वन्यजन्तुहरूको अवैध चोरी निकासी, ढुंगा, गिट्टी, वालुवा जस्ता नदीजन्य स्रोतहरूको अबैध उत्खनन, विकास र वातावरण बिच तालमेल नहुनु जस्ता विषयहरू यस क्षेत्रका प्रमुख मुद्दाका रूपमा लिन सकिन्छ ।

एकीकृत र योजनावद्ध विकास नहुनु, जनसंख्या वृद्धि, अव्यवस्थित शहरीकरण, विकास र वातावरण बिच असन्तुलन हुनु, विभिन्न प्रकारका प्रदुषण, जथाभावी रूपमा प्रयोग गरिने विषादीहरू, फोहरमैलाको जथाभावी विसर्जन जस्ता पक्षहरू नेपालका लागि प्रमुख वातावरणीय समस्याहरू हुन् । जलवायु परिवर्तन बहुपक्षीय मुद्दा भएको हुँदा यससँग सम्बन्धित सबै पक्षहरूको समान बुझाइ नहुनुका साथै सम्बन्धित अध्ययन, अनुसन्धान तथा तथ्याङ्कहरूको कमी रहेको छ । विभिन्न निकायहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूमा जलवायु अनुकुलन तथा न्यूनीकरणका पक्षहरूको आन्तरिकीकरण नहुनु साथै यससँग सम्बन्धित ज्ञान, सीप, प्रविधि, संस्थागत क्षमता तथा वित्तीय स्रोतको कमी हुनु जस्ता विषयहरू पनि जलवायु परिवर्तन क्षेत्रका प्रमुख समस्या हुन् ।

## सुधारका क्षेत्र:

वन तथा वातावरण क्षेत्र देशको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रको उप प्रणाली हो । उल्लेखित मूल प्रणाली जसरी अगाडि वढ्छन् वन तथा वातावरण क्षेत्र समेत सोही रूपमा अगाडि बढ्नुपर्ने हुन्छ । यद्यपी, यस क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवा र उत्पादनको दायरा र प्रभाव वृहत भएकोले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म रहने हुनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको वस्तुपरक विश्लेषण गर्दै वन तथा वातावरण क्षेत्रलाई समय सापेक्ष सुधार गर्दै जानु पर्ने हुन्छ । नेपालको शासन प्रणाली

संघीयतामा रूपान्तरण भएकाले राज्यका सवै क्षेत्रले संघीयताको मर्म अनुरूप आफ्नो क्षेत्राधिकार भित्र रही दायित्वहरूको निर्वाह गरिरहेका छन् । नेपाल अल्पविकसित राष्ट्रबाट विकासशिल राष्ट्रको दर्जामा अघि बढिरहेको परिप्रेक्ष्यमा द्रुततर भौतिक, सामाजिक र आर्थिक विकास भइरहेकोले त्यसको प्रभाव वन तथा वातावरण क्षेत्रमा पर्नु स्वभाविक नै हो । जलवायु परिवर्तनलाई न्युनीकरण गरी पृथ्वीलाई जीवित राख्दै प्राकृतिक स्रोतहरूको दोहन रोक्न र बुद्धिमतापूर्वक उपयोग गर्ने विधिको विकास गर्ने गरी गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले प्रतिवद्धता जाहेर गरेको हुदा त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ । प्रस्तुत परिवेशमा नेपालको वन तथा वातावरण क्षेत्रमा निम्न सुधारका क्षेत्रहरूको पहिचान गरिएको छ ।

- नेपालको संवैधानिक व्यवस्था अनुरूप विभिन्न नीतिगत तथा कानूनी सुधार
- वन तथा वनस्पति व्यवस्थापन
- जैविक विविधता संरक्षण तथा व्यवस्थापन
- चुरे तथा जलाधार संरक्षण तथा व्यवस्थापन
- वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन
- प्रशासनिक तथा सांगठनिक सुधार
- अध्ययन, अनुसन्धान, अनुगमन तथा सहयोग समन्वय

## सुधारको रणनीतिक कार्ययोजनाको आवश्यकताः

वन, वातावरणसँग सम्बन्धित संवैधानिक प्रावधानहरूको कार्यान्वयनको सन्दर्भमा वन तथा वातावरण मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दछ । यस मन्त्रालयले संघ, प्रदेश तथा स्थानीय तहमा बाँडफाँड भएको संवैधानिक अधिकारहरूको सफल कार्यान्वयनमा समन्वयात्मक भूमिका सहितको दायित्व पुरा गर्नु पर्ने हुन्छ । बहुआयमिक सम्भावना भएको वन क्षेत्रको उचित व्यवस्थापनबाट नेपाली समाजका विभिन्न पक्षहरूलाई योगदान पुर्याउन सकिने अवसर रहेको हुँदा यस अवसरलाई हासिल गर्न नीतिगत तथा कार्यगत स्पष्टताका साथ कार्य सम्पादन गर्न आवश्यक रहेको छ ।

पन्ध्रौ आवधिक योजना (२०७६।७७-२०८०।८१), दिगो विकासका लक्ष्य (२०१५-३०)



जस्ता नीतिगत दस्तावेजले तोकेका लक्ष्य हासिल गर्न यस सुधार कार्ययोजनाले मार्गदर्शन गर्नेछ । यसका साथै उपलब्ध सिमित स्रोत साधनको महत्तम उपयोग गर्दै वन तथा वातावरण मन्त्रालयको भावी कार्यक्रमहरू तय गर्न र सो को सफल कार्यान्वयन गर्न समेत यस कार्यायोजनाले सहयोग पुर्याउने विश्वास लिइएको छ ।

यस पृष्ठभूमिमा वन, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रमा हालको अवस्था, विगतका उपलब्धि र सिकाइहरूलाई आत्मसात गर्दै विद्यमान चुनौती र अवसरलाई अध्ययन र विश्लेषण गरी यस मन्त्रालयको कार्यलाई अझ प्रभावकारी, वस्तुपरक र लक्ष्य केन्द्रित बनाउने उद्देश्यका साथ यो सुधारको रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ ।

### लक्ष्यः

वनको दिगो व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन तथा आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा टेवा पुर्याउने ।

### उद्देश्यः

१. वन तथा वनस्पतिजन्य स्रोतहरूको दिगो व्यवस्थापन मार्फत वनको उत्पादकत्वमा वृद्धि गरी आगामी तीन वर्ष भित्र काष्ठजन्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउदै आगामी पाँच वर्ष भित्र काष्ठ तथा काष्ठजन्य सामाग्रीहरूको विदेश निर्यात गर्ने ।
२. राष्ट्रिय निकुन्ज, आरक्ष, संरक्षण क्षेत्र, जैविक मार्ग, सिमसार क्षेत्रहरूको व्यवस्थापन मार्फत जैविक विविधताको संरक्षण र पर्यापर्यटनको प्रबर्द्धन गर्ने ।
३. चुरे लगायतका जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापन गर्दै माटो र पानीको संरक्षण मार्फत भूमिको उत्पादकत्व वृद्धि गर्ने ।
४. प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रबर्द्धन गर्दै वातावरणीय स्वच्छता कायम गर्ने ।
५. जलवायु अनुकुलन तथा न्यूनीकरणका कार्यक्रमहरूलाई स्थानीयस्तर देखि नै आन्तरिकीकरण गरी जलवायु उत्थानशिल समाज निर्माणमा टेवा पुर्याउने ।

## कार्ययोजना कार्यान्वयनको रणनीति

यस कार्ययोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि निम्न रणनीतिहरू अपनाईनेछ ।

१. नीतिगत तथा संस्थागत सुधार
२. स्रोत साधनको सुनिश्चितता
३. सहभागितामूलक व्यवस्थापन पद्धति
४. अन्तरतह सहयोग,समन्वय र सहकार्य
५. लैंगिक तथा सामाजिक समावेशीकरण
६. अध्ययन अनुसन्धान
७. अनुगमन तथा मूल्याङ्कन



**वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना**

| क्र. सं | सुधारका क्षेत्र | सम्पादन गर्नु पर्ने कार्य | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समयावधि | सूचाङ्क | स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत र कानूनी सुधार | १.१ वन ऐन, २०७६ को प्रभावकारी कार्यान्वयन | वन तथा वातावरण मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकार (म.प.) | ६ महिना | नेपाल सरकार (म.प.) बाट निर्णय हुने | नेपाल सरकार |
| | | १.२ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ संशोधन | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र वन तथा वातावरण मन्त्रालय | १ वर्ष | संसदमा संशोधन प्रस्ताव दर्ता हुने । | नेपाल सरकार |
| | | १.३ वातावरण संरक्षण ऐन, २०७६ को संशोधन गरी दण्ड जरिवाना लगायतका प्रावधानलाई प्रभावकारी बनाउने | वातावरण विभाग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र वन तथा वातावरण मन्त्रालय | १ वर्ष | संसदमा संशोधन प्रस्ताव दर्ता हुने । | नेपाल सरकार |

